অগ্রমালোয়

पुराण

द.पु.५२
386

॥ श्रीः ॥

अथ [illegible]ध्याय ।

भाषा टीका सहित ।

पुस्तक पाइने ठेगाना

बाबू शिवप्रसाद राघोराम,

गोर्खा पुस्तकालय, रामघाट,

बनारस सिटी द्वारा

प्रकाश भयो ।

सन् १९३५ ई०　　　　मू०=)

३२८८
नं० १४३

॥ श्रीः ॥

❀ अथ स्वप्नाध्यायः ❀

॥ नन्द उवाच ॥

केन स्वप्नेन किं पुण्यं केन मुक्तो भवेत् सुखम् । कोऽपि काऽपि च सुस्वप्नस्तत् सर्वं कथय प्रभो ॥१॥

कोही कालमा कृष्णचन्द्रलाई दश वर्ष सम्म पालीकन मथुरा पुरयाऊन आयेका नन्दजी कथा का प्रस्तावमा कृष्णजी संग प्रश्न गर्दा भये, हे कृष्ण ! कुन स्वप्नाले कस्तो पुण्य मिलछ ? कुन स्वप्ना देखनाले संसारदेखी मुक्त हुन्छ ? कस्तो स्वप्नलाई बढ़िया भन्दछन ? यस्को फल समेत् मलाई कहीबक्सीयोस् भनी विन्ती गर्दा भये ॥ १ ॥

॥ श्रीभगवानुवाच ॥

वेदेषु सामवेदश्च प्रशस्तः सर्वकर्मसु

तत्रैव कण्वशाखायां पुण्यकाण्डे मनोहरे ॥ २ ॥

येती कुरा सुनी कृष्णचन्द्र भगवान् आज्ञा गर्नु हुन्छ, हे बाबा नन्दजी ! वेद वेदमा क्रिया—काण्ड का विषयलाई साम वेद सबै कर्मलाई उत्तम छ उस्मा पनी कण्वशाषा भन्ने खन्डमा विशेष छ उस्मा कहेका स्वप्ना ध्यायकन म हजूरलाई कहन्छु ॥ २ ॥

सुव्यक्तोयश्च सुस्वप्नः सम्यक्पुण्यफल प्रदः । तत् सर्वं लिखितं तात कथयामि सुनिर्णयं ॥ ३ ॥

स्वप्नामा पनी राम्रो गरी देखियेको बेस गरी सम्झिये को स्वप्नो बढ़िया फल दिने हुन्छ यो विस्तार् पूर्वक म कहन्छु सुनी बक्सीयोस् ॥ ३ ॥

स्वप्नाध्यायं प्रवक्ष्यामि बहुपुण्यफलप्रदम् । स्वप्नाध्यायं नरः श्रुत्वा गंगास्नानफलं लभेत् ॥४॥

यो मैले कहन आँटेको स्वप्ना कस्तो हो भन बहुत पुण्य कन दिने हो यो स्वप्नाध्याय सुन्नाले मात्र मनुष्य गंगास्नान गरेको पुण्य पाऊंछ ॥ ४ ॥

स्वप्नस्तु प्रथमे यामे संवत्सरफलप्रदः । द्वितीये चाष्टभिर्मासैः त्रिभिर्मासैस्तृतीयकैः ॥ ५ ॥

जुन स्वप्ना रात्रिका पहिला पहरमा देखिन्छ सो वर्ष दिनमा फल दिने हुन्छ, दोश्रो प्रहरको आठ मैन्हामा फल दिने हुन्छ, तेस्रा पहरमा देखेका तीन मैन्हामा फल दिने हुन्छ ॥५॥

चतुर्थे चार्द्धमासेन स्वप्नः स्यात्तम फलप्रदः । दशाह फलदः स्वप्नोप्यरुणोदय दर्शने । प्रातः स्वप्नश्च फलदस्तत्क्षणं यदिबोधितः ॥६॥

चौथा पहरमा देखेको पन्ध्र दिनमा फल दिने हुन्छ अरुणोदय बेलामा देखेका दश दिनमा फल दिने हुन्छ, प्रातः कालमा

(सूर्योदय वेलामा) स्वप्ना देख्यो र जागा भैगो भने सो फल दायक हुन्छ ॥ ६ ॥

दिने मनसि यद् वृत्तं तत् सर्व्वं च लभेद् ध्रुवम् । चिन्ता व्याधि समायुक्तो नरः स्वप्नं च पश्यति ॥ ७ ॥

हे बाबा नन्दजी ! दिनमा मनमा भयेको बृत्तान्त स्वप्नामा देख्यो भने त्यो र सदा शोकले अथवा रोगले युक्त भयेको जो स्वप्ना देख्दछ ॥ ७ ॥

तत् सर्व्वं निष्फलं तात प्रयात्येव न संशयः ॥ ८ ॥

सो घटिया वढ़िया जस्तो भये पनी निष्फल हुन्छ ॥ ८ ॥

जडो मूत्र पुरीषाभ्यां पीडितश्च भयाकुलः । दिगम्बरो मुक्तकेशो न लभेत स्वप्नजं फलम् ॥ ९ ॥

बेहोश भयेका, झाड़ा पिशावले जोर भयेका साहै डराये

का मनुष्यले र नाङ्गै सुतेका, केश फुकायी सुतेका यस्ताले देखे को स्वप्ना निष्फल हुन्छ ॥ ९ ॥

दृष्ट्वा स्वप्नं च निद्रालुर्यदि निद्रा प्रयाति च । विमूढो वक्ति चेद्रात्रौ न लभेत् स्वप्नजं फलम् ॥ १० ॥

जुन पुरुषले निद्राका झाकले बढ़िया स्वप्ना देखेर पनी फेरी सुत्यो भने, अनी रातमा स्वप्ना कहिहाल्यो भन पनी त्यस्ता मूर्खले स्वप्ना को फल पाऊंदैन ॥ १० ॥

उक्त्वा काश्यपगोत्रे च विपत्तिं लभते ध्रुवम् । दुर्गते दुर्गतिं याति नीचे व्याधिं प्रयाति च ॥ ११ ॥

फेरी देखेको स्वप्ना काश्यप गोत्रका मानिसलाई कह्यो स्वप्नाको फल नाश हुन्छ आपत्ति समेत पाउंछ घटिया मार्ग भयेकालाई कह्यो भने घटिया काज मा पर्न जान्छ नीच जातिलाई कह्यो भने रोग लाग्छ ॥ ११ ॥

शत्रौ भयं च लभते मूर्खं च कलहं लभेत् । कामिन्यां धनहानिः स्याद्रात्रौ चौरभयं भवेत् ॥ १२ ॥

शत्रुलाई कह्यो भने भय (डर) प्राप्त हुन्छ, मूर्खलाई कहे नाले झगड़ा हुन्छ स्वास्नी मानिस लाई कहे धन को नाश हुन्छ रातमा स्वप्ना कहे चोर को डर हुन्छ ॥ १२ ॥

निद्रायां लभते शोकं पण्डिते वाञ्छितं फलम् । नप्रकाशयश्च सुस्वप्नः पंडिते काश्यपेऽपि च ॥ १३ ॥

बढिया स्वप्ना देखेर फेरी निंदायो भने शोकमा पर्ला, पण्डितलाई कहे स्वप्नाको फल र चिताये को समेत् पुग्छ, तर काश्यप गोत्रहो भने पण्डित भये पनी कहनु सर्वथा छैन ॥ १३ ॥

गवाश्च कुञ्जराणाञ्च हयानाञ्च व्रजेश्वर । प्रासादानाञ्च शैलानां वृक्षाणाञ्च तथैव च ॥

अथ स्वप्ना को दर्शन कहन्छु। हे ब्रजेश्वर! नन्दजी! स्वप्नामा गाई भो, हात्ती, घोड़ा, देवल, दर्बार, पर्वत, रुख ॥१४॥

आरोहणञ्च धनदं भोजनं रोदनं तथा। प्रतिगृह्य तथा वीणां शस्याढ्यां भूमिमालभेत् ॥ १५ ॥

येतिमा चढ्यो भने, अथवा ताहाँ बसेर खायो भने, रोयेको देख्यो भने, धन दियेको देख्यो भने तेस्तै हातमा बीणा लियेको देख्यो भने धानले युक्त भये फी भूमि लाभ हुन्छे ॥१५॥

शस्त्रास्त्रेण यदा विद्धो वाणेन क्रिमिणा तथा। विष्टया रुधिरेणैव संयुतोऽप्यर्थ मालभेत् ॥ १६ ॥

स्वप्नामा हतियार वाणहरूले घाऊ लाग्यो भने अथवा कारा पर्‍यो भने अथवा झाडाले भो रगत् ले भयो मुछीयेको देख्यो भने अर्थलाभ हुन्छ ॥ १६ ॥

स्वप्नेऽप्यगम्यागमने भार्य्यालाभं

करोति च ॥ मूत्रासिक्तः पिबेच्छुक्रं नरकञ्च विशत्यपि ॥ १७ ॥

अगम्य अर्थात् साँहिनू पर्ने स्त्रीमा गमन गरेको स्वप्ना देख्यो भने स्वास्नी पाउँछ, आफ्नु भयो पराई को भयो पिशाब आङ्मा घर्‍यो भने अनी, आफ्नु भो अथवा दोश्रैको भो वीर्य खायो भने अथवा झाडामा पस्न गयो ॥ १७ ॥

नगरं प्रविशेद्रक्तं समुद्रं वा सुरां पिबेत् । शुभवार्त्तामवाप्नोति विपुलञ्चार्थमालभेत् ॥ १८ ॥

रत्न जडित सुन्दर शहरमा प्रवेशभयो, समुद्रमा घुसोस्, अथवा रक्सी पीयोस् यस्तो स्वप्ना देखे वढिया कुरा सुन्दछ, धन पनी बहुत पाइन्छ ॥ १८ ॥

गजं नृपं सुवर्णाश्च वृषभं धेनुमेव च । दीपमन्नं फलं पुष्पं कन्यां पुत्रं रथं ध्वजम् ।

कुटुम्बं लभते दृष्ट्वा कीर्तिश्च विपुलां श्रियम् ॥१९॥

स्वप्नामा हात्ती-राजा-सुन-गोरू-गाई-छत्री-अन्न-फल-कन्या छाता-रथ ध्वजा येती देखियो भने परिवार बढ्द छन् ठुलो कीर्ति हुन्छ ॥ १९ ॥

पूर्णकुम्भं द्विजं वन्हिं पुष्पं ताम्बुल मन्दिरम् । शुक्ल धान्यं नटं वेश्यां दृष्ट्वा श्रियमवाप्नुयात् ॥२०॥

स्पप्नामा भरी घडा ब्राह्मण बल्दी आगा फुल, राम्रो घर, सेता धान, नट्टुवा, वेश्या देख्यो भने द्रव्य लाभ हुँछ॥२०॥

गोक्षीरञ्च घृतं दृष्ट्वा चार्थं पुण्यं धनं लभेत् ॥२१॥

स्वप्नामा गाईको दूद्ध-घ्यू देखियो भने धर्म हुने काम होला आँटेको काम पुगला, धन पनी मिल्ला ॥ २१ ॥

पायसं पद्मपत्रे च दधि दुग्धं घृतं

मधुं । मिष्टान्नं स्वस्तिकं भुक्त्वा ध्रुवं राजा भविष्यति ॥ २२ ॥

जुन मनुष्यले स्वप्नामा कमलका पातमा दही भो घ्यु भो मह भो मीठो अन्न भो इ चीज नदीका तिरमा वसी खायो भने अवश्य त्यो राजा हुन्छ ॥ २२ ॥

पक्षिणां मानुषाणाञ्च भुङ्क्ते मांसं नरो यदि । बह्वर्थं शुभ वार्त्ताञ्च लभतेवाञ्छितं फलम् ॥२३॥

जुन मनुष्यले स्वप्नामा मनुष्यको भो पक्षीको भो मासु खायो भने बहुत बढिया कुरा सुन्दछ वाञ्छित फल पनी पाउन्छ ॥ २३ ॥

छत्रं वा पादुकां वापिलब्ध्वाऽध्वा नश्च गच्छति । आशिश्चनिर्म्मलं तीक्ष्णां तत् तथैव भविष्यति ॥२४॥

जस्ले स्वप्नामा आर्काले दान दियेका छाता जुता पैही सरासर हिंड्यो भने तेस्तै रीतिले मानपूर्वक हिंड्न पाऊँछ,

असल लाग्ने उज्यालो सुन्दर तरवार मिल्यो भने शत्रुको नाश गर्छ ॥ २४ ॥

भेलया सन्तरेद्यो हि स प्रधानो भविष्यति । दृष्ट्वा च फलिनं वृत्तं धनमाप्नोति निश्चितम् ॥२५॥

स्वप्नामा सर्दार भै लश्कर पछी लगायी हिंड्यो भने तेस्तै मालिक हुन्छ, फल-फूलेको वृक्ष देखे द्रव्य को अवश्य प्राप्ति हुन्छ ॥ २५ ॥

सर्पेणा भक्षितो योहि चार्थलाभश्च तद्भवेत्। स्वप्ने सूर्य्यं विधुं दृष्ट्वा मुच्यते व्याधिबन्धनात् ॥

स्वप्नामा जस्लाई सर्पले डस्तछ तेसलाई द्रव्य लाभ हुन्छ सूर्य चन्द्र स्वप्नामा देख्यो भने रोग देखी मुक्त हुन्छ ॥ २६ ॥

वडवां कुक्कुटीं क्रौंचीं दृष्ट्वा भार्य्यां लभेद् ध्रुवम् ॥ स्वप्ने यो

निगडैर्बद्धः प्रतिष्ठां पुत्रमालभेत् २६

जस्ले स्वप्नामा कुखुरी करयाङ्कुरुङ्की पोथी देख्छ त्यो राम्री स्वास्नी पाउँछ स्वप्नामा नेल्परेको देख्यो भने प्रतिष्ठा पाउँछ, छोरो पनी पाउँछ ॥ २७ ॥

दध्यन्नं पायसं भुङ्क्ते पद्मपत्रे नदीतटे । विशीर्णपद्मपत्रे च सोऽपि राजा भविष्यति ॥२८॥

जस्ले नदी तिरमा दहिले मुछेको अन्न भो खीर भो खायो भने अथवा च्यातियेको कमल पत्र भये पनी स्वप्नामा देख्यो भने राजा हुन्छ ॥ २८ ॥

जलौकसं वृश्चिकञ्च सर्पञ्च यदि पश्यति । धनं पुत्रञ्च विजयं प्रतिष्ठां वा लभेदिति ॥२९॥

स्वप्नामा जूको सर्प बिच्छी जे सुकै देखे पनी धन भो विजय भो अर्थात् जीतवाजि स्यावाशी पाऊन्छ ॥ २९ ॥

शृङ्गिभिर्दंष्ट्रिभिः कोलैर्वानरैः

पीडितो यदि। निश्चितश्च भवेद्राजा धनञ्च विपुलं लभेत ॥३०॥

स्वप्नामा जो मनुष्य दाह्रा हुने बँदेल् भो सिङ् हुने जन्तु भो बाघर भो इनले पीडा गरेको देखला त्यो भने राजा होला, धन पनी धेरै पाउँला ॥ ३० ॥

मत्स्यं मासं मौक्तिकञ्च शंखं चन्दन हीरकम् ॥ यस्तु पश्याति स्वप्नान्ते विपुलं धनमालभेत ॥३१॥

जस्ले स्वाप्नामा माछामासु मोती शंख श्रीखण्ड हीरा पायेको देख्दछ उस्लै प्रसस्त धन पाउन्छ ॥ ३१ ॥

सुराञ्च रुधिरं स्वर्णं विष्टां दृष्ट्वा धनं लभेत्। प्रतिमां शिवलिङ्गञ्च लभेत् दृष्ट्वा जयं धनम् ॥३२॥

मदिरा (रक्सी) रगत् सुन् विष्टा स्वप्नामा देख्यो भने धन पाउँछ, देवताको मूर्ति महादेवको लिङ्ग देखे पनी जय पाउन्छ ॥ ३२ ॥

फलितं पुष्पितं विल्वं आम्रं दृष्ट्वा लभेद्धनम् । दृष्ट्वा च ज्वलदग्निश्च धनं वृद्धिं श्रियं लभेत् ॥३३॥

स्वप्नामा फुलेको वेलबृक्ष फुलेको आँपको रूख देख्यो भने धन पाउंछ, बल्दो अग्नि देखे धन भयो वृद्धि भो ऐश्वर्य भो ई तिनै वोक पाइन्छ ॥ ३३ ॥

श्लेष्मान्तकं धातृफलमुत्पलञ्च धनागमम् । देवताश्च द्विजागावः पितरो लिङ्गिनस्तथा ॥ मिथोयद्वदति स्वप्ने तत् तथैव भविष्यति ॥३४॥

लप्सो अमलाको फल रातो कमल देखे पनी धन पाइन्छ, देवता ब्राह्मण गाई पितृहरू योगीइन्ले स्वप्नामा जे दिन्छन् सोहो नै विपनामामिल्दछ ॥ ३४ ॥

शुक्लाम्बरधरा नार्य्यः शुक्लमाल्यानुलेपनाः ॥ समाश्लिष्यन्ति

यंस्वप्ने तस्य श्रीःसर्व्वतो मुखम् ॥

सेतो लुगा लगायेको सपेत माला लायेकोयस्ती स्त्री हरुले अङ्गालो हालेको स्वप्न देख्यो भने लक्ष्मी प्राप्ति हुन्छ सम्पूर्ण जग्गाबाट सुखप्राप्ति हुन्छ ॥ ३५ ॥

पीताम्बरधरा नारी पीत माल्या नुलेपनाम् । उपगुहति यः स्वप्ने कल्याणं तस्य जायते ॥३६॥

स्वप्नामा पँहेलो लुगा पहेंलो माला गहना चन्दन लायेको स्त्रीहरुले अँगालो हालेको देख्यो भने त्यस लाई कल्याण हुन्छ ॥ ३६ ॥

सर्व्वाणि शुक्लानि प्रशंसितानि भस्मास्थि कार्पास विवर्ज्जितानि ॥

स्वप्नामा सेतो वस्तु खरानी हाड रूओ ई तिन् वस्तुदेखि बाहेक सरू सब थोक बढिया छ ॥ ३७ ॥

दिव्या स्त्री सस्मिता विप्रा रत्न भूषणा भूषिता । यस्य मन्दिरमाया

ति स श्रियं लभेत ध्रुवम् ॥३८॥

स्वप्नामा गहना पोशाक लायेकी स्त्री, ब्राह्मण हरू हाँस्तै जस्का घरमा पसेको देखछ त्यस्को चितायेको कुरो पुग्छ ॥३८॥

स्वप्ने च ब्राह्मणो देवो ब्राह्मणी देवकन्यका। फलं ददाति यस्मै च तस्य पुत्रो भविष्यति ॥३९॥

स्वप्नामा ब्राह्मण भये, देवता भये, देवकन्या भये ब्राह्मणी भये, इनीहरूले जस्लाई फल दिन्छनू त्यस लाई छोरो हुँन्छ ॥ ३९ ॥

यं स्वप्ने ब्राह्मणो नन्द करोति च शुभाशिषम्। पदे पदे सुखं तस्य सन्मानं गौरवं भवेत् ॥ ४० ॥

स्वप्नामा हे नन्दजी ! ब्राह्मण आयी आशीर्बाद दिये भने पाइला पाइलामा सुख हुन्छ, ठुलो सन्मान पनी पाइन्छ ॥ ४० ॥

अकस्माद् यदि तु स्वप्ने लभते सुरभीं सतीम्। भूमिलाभो भवेत् तस्य भार्य्या चापि पतिव्रता ॥४१॥

स्वप्ना मा अकस्मात् गाई पाथो भने जगाजमीनै पाइन्छ त्यस्की स्त्री पनी पतिव्रता हुन्छे ॥ ४१ ॥

करेणा कृत्वा हस्ती यं मस्तके स्थापयेद् यदि। राज्यलाभो भवेत् तस्य निश्चितञ्च श्रुतौ श्रुतम् ॥४२॥

स्वप्नामा कसैलाई हात्तीले सूँडले समातेर आफ्ना मस्तकमा राख्यो भने निश्चय राज्यलाभ हुन्छ, वेदमा कहेको छ ॥ ४२ ॥

स्वप्ने तु ब्राह्मणस्तुष्टः समाशिलष्यति यं व्रज। तीर्थस्नायी भवेत् सोऽपि निश्चितञ्च श्रियान्वितः॥४३॥

स्वप्नामा खुशी भयेका ब्राह्मणले अङ्कमाल गरे भने तीर्थस्नान र लक्ष्मी प्राप्त हुन्छ ॥ ४३ ॥

स्वप्ने ददाति पुष्पञ्च यस्मैपुण्य-
वते द्विजः। जययुक्तो भवेत् सोऽ-
पि यशस्वी च धनी सुखी ॥४४॥

कुनै पुण्यात्मा पुरुष लाई स्वप्नामा ब्राह्मणले फूल दिये भने तेस्को जीतबाजी हुन्छ, यश-धन-सुख पनी मिल्छ ॥ ४४ ॥

स्वप्ने च दृष्ट्वा तीर्थानीसौध-
रत्नगृहाणि च। जययुक्तश्च धनवान्
तीर्थस्नायी भवेन्नरः ॥४५॥

स्वप्नामा कसैले तीर्थ, दर्बार, रत्न, अरू घर देख्यो भने जय प्राप्त होला धनवान् होला तीर्थ स्नान गर्न पाऊँला ॥ ४५ ॥

स्वप्ने तु पूर्णकलशं कश्चित्
यस्मै ददातिवा। पुत्रलाभो भवेत्
तस्य सम्पत्तिं वा समालभेत् ॥४६॥

कुनै मनुष्य लाई स्वप्नामा कसैले भरीयेको गाग्री

दियो भने तेस्ले छोरो पाऊँछ, सम्पत्ति पनी पाऊँछ ॥४६ ॥

हस्ते कृत्वा तु कुडवंमाढकं वापि सुन्दरी । यस्य मन्दिरमायाति स लक्ष्मीं लभते ध्रुवम् ॥ ४७ ॥

राम्रा गहना कपड़ा लायेकी राम्री स्वास्नी मानु अथवा पाथी लियेर कसैका घर भित्र पसि भने लक्ष्मी प्राप्त भइन्छ भनी जान्नु ॥ ४७ ॥

दिव्या स्त्री यद् गृहं गत्वा पुरीषं विसृजेद्‌ध्रुवम्॥अर्थलाभो भवेत् तस्य दारिद्र्यञ्च प्रयाति च ॥ ४८ ॥

स्वप्नामा जस् मनुष्यका घर भित्र आयेर सुन्दर गहना लायेकी स्त्रीले झाड़ा फिरी जान्छे हे नन्द जी ! त्यसको ऐश्वर्य्य बढ्या भनी जान्नु ॥ ४८ ॥

यस्य गेहं समायाति भार्य्यया स ब्राह्मणः । पार्व्वत्या सह शम्भुर्वा लक्ष्म्या नारायणोऽथवा ॥ ४६ ॥

जुन मनुष्यका घरमा ब्राह्मणी सँग भै ब्राह्मण आयेका देखिन्छन ती महादेव-पार्वती, कि ता लक्ष्मी नारायण हुन भनी जान्नु ॥ ४९ ॥

ब्राह्मणो ब्राह्मणी वापि स्वप्ने यस्मै ददाति वा । धान्यं पुष्पाञ्जलिंवापि तस्य श्रीःसर्व्वतःसुखी ॥ ५० ॥

ब्राह्मण-ब्राह्मणी ई दुईजनामा कसैले क्यै दीगये भने धान भो, एक अँजूली फूल भो स्वप्नामा पायो भने त्यस्लाई श्रीप्राप्ति हुन्छ सम्पूर्णदेखि सुख हुन्छ ॥ ५० ॥

मुक्ताहारं पुष्पमाल्यं चन्दनञ्च लभेद्व्रज । स्वप्ने ददाति विप्रश्च तस्य श्रीः सर्वतः सुखी ॥५१॥

स्वप्नामा जसलाई ब्राह्मणले मोती को हार दियो फूलको माला, चन्दन दियो भने त्यसको धन हुन्छ सम्पूर्ण देखि सुख हुन्छ ॥ ॥ ५१ ॥

गोरोचनां पताका वा हरिद्रामि

क्षुदण्डकम्। स्निग्धान्नं लभेत् स्व-
प्ने तस्य श्रीः सर्वतः सुखी ॥५२॥

स्वप्नामा जस्ले गोरोचन पताका, हलेदो, उखू, चिल्लो अन्न पाउँछ त्यस्लाई चारैतर्फबाट सुख मिल्छ, धनको प्राप्ति हुन्छ ॥ ५२ ॥

ब्राह्मणो ब्राह्मणी वापि ददाति
यस्य मस्तके। छत्रं वा शुक्लमाल्यं
वा स च राजा भविष्यति ॥५३॥

ब्राह्मणले होस् ब्राह्मणीले होस् स्वप्नामा जस् लाई छाता, सपेत माला, शिरमा लगाई दिये अथवा ओढाईदिये त्यो राजा हुन्छ ॥ ५३ ॥

स्वप्ने रथस्थः पुरुषः शुक्ल मा-
ल्यानुलेपनः। तत्र त्योदधि भुङ्क्ते
च पायसं वा नृपो भवेत् ॥ ५४ ॥

जो मनुष्य स्वप्नामा सेतो माला लगाई कन रथ मा वसी दही कि खीर खान्छ सो निश्चय राजा हुन्छ ॥ ५४ ॥

स्वप्ने ददाति विप्रश्च ब्राह्मणी वा सुधां दधि । प्रसस्त पात्रं यस्मै वा सोऽपि राजा भवेद्ध्रुवम् ॥५५॥

जुनमानिस लाई ब्राह्मणले होस् वा ब्राह्मणीले होस् मौंझेका भाँडामा राखी दूद-दही जे दिन्छन त्यो पनी राजा हुन्छ ॥ ५५ ॥

कुमारी चाष्टवर्षीया रत्नभूषण भूषिता। यस्य दृष्टा भवेत् स्वप्ने तस्य तुष्टा च पार्व्वती ॥ ५६ ॥

स्वप्नामा ८ वर्ष की राम्रा गहना- पोशाक लाये की कन्या सन्तुष्ट भै भने त्यसका ऊपर पार्वती खुशी भइन भनी जान्नु ॥ ५६ ॥

यशस्वी धनवान् भूमि प्रजावान् पण्डितो भवेत। किं महाधनाढ्योऽपि किंवा राजा भवेद्ध्रुवम् ॥५७॥

त्यस्तो स्वप्ना देख्यो भने यशस्वी होला, धन जग्गा, छोरा

छोरी पाउला, पण्डित होला कि ठूलो धनाढ्य होला कि राजा होला ॥ ५७ ॥

शुक्लपीताम्बरधरा रत्नभूषणा भूषिता । यस्य तुष्टो भवेत् स्वप्ने स भवेत् कवि पण्डितः ॥ ५८ ॥

जसको ऊपर स्वप्नमा सेता-पँहेला कपड़ा पैहे की सुन्दर स्त्री प्रसन्न हुन्छे त्यो कवि पण्डित हुन्छ॥५८॥

ददाति पुस्तकं स्वप्ने यस्मै पुण्यवते च सा । स भवेद्विश्वविख्यातः कवीन्द्रः पण्डितेश्वरः ॥ ५९ ॥

त्यस्तै सुन्दर स्त्रीले स्वप्नामा जस्लाई पुस्तक दिन्छे त्यो लोकमा प्रख्यात भयेको पण्डित हुन्छ श्रेष्ठ कवि पनी हुन्छ॥५९॥

यं पाठयाति सा स्वप्ने मातेव स्व सुतं यथा । सरस्वतीसुतः सोऽपि तत्परो नास्ति पण्डितः ॥६०॥

त्यस्तै सुन्दर स्त्रीले स्वप्नामा आफना छोरालाई आफुले पढाये झैं पढाई भने मानु त्यो सरस्वती कै छोरो ठहर्छ त्यस भन्दा आर्को पण्डित कोही हुँदैन ॥ ६० ॥

ब्राह्मणः पाठयेद् यश्च पितेव यत्न पूर्व्वकम् । ददाति पुस्तकं प्रीत्या स च तत्स दृशो भवेत् ॥ ६१ ॥

जुन मानिसलाई स्वप्नामा ब्राह्मण आयी छोरा झैं गरी पढाये, पुस्तक दी गये, भने त्यो पनी त्यस्तै (अघिल्लो श्लोकमा कहे जस्तो) हुन्छ ॥ ६१ ॥

प्राप्नोति पुस्तकं स्वप्ने पथि वा यत्र तत्र वा । स पण्डितो यशस्वी च विख्यातश्च महीतले ॥ ६२ ॥

स्वप्नामा जुन मनुष्य ले बाटामा अथवा जाहाँ ताहाँ अथवा जस्का हातबाट भये पनी पुस्तक पाऊँ छ त्यो पण्डित होला पृथिवी तलमा नामी पनी होला ॥ ६२ ॥

स्वप्ने यस्मै महामन्त्रं विप्रा विप्रो ददाति चेत्। स भवेत् पुरुषः प्राज्ञो धनवान् गुणवान्सुधी ॥ ६३ ॥

स्वप्नामा ब्राह्मण ब्राह्मणी जस्ले भये पनी बड़ा देवता को मंत्र दिन्छन् त्यो, ज्ञानी–धनवान्–गुणवान्–बुद्धिमान हुन्छ॥६३॥

स्वप्ने ददाति मन्त्रं वाप्रतिमां वा शिलामयीम्। यस्मै ददाति विप्रश्च मन्त्रसिद्धिश्च तद्भवेत् ॥ ६४ ॥

स्वप्नामा जस्कन मंत्र दियो, अथवा पत्थरको देवप्रतिमा दियो भने त्यस्ले जपेको मंत्र सिद्धि हुन्छ ॥ ६४ ॥

विप्रा विप्र समूहश्च दृष्ट्वा! नत्वा-शिषं लभेत्। राजेन्द्रः स भवेद्वापि किं वा स कवि पण्डित॥ ६५॥

जस्कन स्वप्नामा एक ब्राह्मणले अथवा घेरैले भये पनी आ

फुले सत्कार गरी आशीर्वाद दिये भने त्यो राजा कि पण्डित होला ॥ ६५ ॥

शुक्लमाल्ययुता भूमिं यस्मैविप्रः समुत्सृजेत्। स्वप्ने च परितुष्टश्च स भवेत् पृथिवीपतिः ॥ ६६ ॥

स्वप्नामा सेतो फूल बिच्छ्यायेको भूमि ब्राह्मणले दियो भने त्यो निश्चय राजा हुन्छ ॥ ६६ ॥

स्वप्ने विप्रा रथे कृत्वा नाना स्वर्गं प्रदर्शयेत्। चिरजीवी भवेदायुर्धन वृद्धिर्भवेत्ध्रुवम् ॥ ६७ ॥

स्वप्नामा ब्राह्मणले नाना प्रकारको स्वर्ग बनायी रथमा बसायी देखायो भने देख्नेलाई ठूलो आयुर्दा भयी धनवान् हुन्छ॥

विप्रा विप्रश्च सन्तुष्टो यस्मै कन्या ददाति च। स्वप्ने स च भवेन्नित्यं धनाढ्यो भूपति स्वयम् ॥६८॥

स्वप्नामा जस्लाई ब्राह्मणले होस् वा ब्राह्मणीले होस् कन्या

दान दियो भने त्यो धनवान् हुन्छ अथवा राजा हुंछ ॥६८॥

स्वप्ने सरोवरं दृष्ट्वा समुद्रं वा नदीं नदम्। शुक्लाहिं शुक्लशैलञ्च दृष्ट्वा श्रियमवाप्नुयात् ॥ ६९ ॥

स्वप्नामा तलाउ, समुद्र, गंगा, खोलो सपेत सर्प सेतो पर्वत देख्यो भने धनप्राप्ति हुंछ ॥ ६९ ॥

यः पश्यति मृतं स्वप्ने स भवेच्चिरजीवनः। अरोगी रोगिणं दुःखी सुखिनञ्च सुखी भवेत ॥ ७० ॥

स्वप्नामा जस्ले मरेको देख्दछ त्यस्को आयुर्दा बढ़दछ निरोगि पुरुषले रोगीलाई देख्यो भने दुःखी हुँछ सुखीलाई देख्यो भने सुखी हुंछ ॥ ७० ॥

दिव्या स्त्री यं प्रवदति मम स्वामी भवान् भव। स्वप्नं दृष्ट्वा च जागर्ति स च राजा भवेत् ध्रुवम् ॥ ७१ ॥

स्वप्नामा राम्रो स्त्रीले जुन पुरुषलाइ मेरा स्वामी होऊ भन्छे त्यो पुरुष राजा हुंछ ॥ ७१ ॥

स्वप्ने च बालिकां दृष्ट्वा लब्धा स्फाटि कमालिकाम् । इन्द्रचापं शुक्ल घनं सुप्रतिष्ठां लभेद्ध्रुवम् ।

स्वप्नामा स्फटिकको माला लायेकी कुमारी देख्यो, इन्द्रेनि वा सपेत मेघ देख्यो भने ठुलो प्रतिष्ठा, इज्जत पाउँछ ॥७२॥

स्वप्ने विप्रो वदाति यं मम दासो भवेति च । हरिदासस्य तद्भक्तिं लब्ध्वा सः वैष्णवो भवेत् ॥७३॥

स्वप्नामा जस्कन ब्राह्मण आयी मेरो कुमारी भइस् भन्यो भने नारायण को दासको भक्तिकन पाउँछ, वैष्णव पनी हुँछ॥

स्वप्ने विप्रो हरिः शम्भुर्ब्राह्मणी कमला शिवा । शुक्लवस्त्रा वेदमा-

ता जान्हवी वा सरस्वती ॥ ७४ ॥

स्वप्नामा ब्राह्मण देखे नारायण वा महादेव भनी जान्नु, ब्राह्मणी देखे लक्ष्मी वा पार्वती भनी जान्नु, सेतो पोसाक लायेकी स्त्री देखे गायत्री वा गंगा वा सरस्वती हुन् भनी जान्नु ॥ ७४ ॥

गोपालिका वेशधरा बालिका राधिका मम । बालश्च बालगोपालः स्वप्नविद्भिः प्रकाशितः ॥ ७५ ॥

अहिर्नी का पोशाक लायेकी कन्या देखे राधिका जान्नु भनी जान्ने हरूले भनेका छन् ॥ ७५ ॥

एतत्ते कथितं नन्द ! सुस्वप्न पुण्य हेतुकः । श्रोतुमिच्छसि कां वाचं किं भूयः कथयामि ते ॥ ७६ ॥

येती भनेर श्रीकृष्णचन्द्रजी नन्दप्रति आज्ञा गर्नु हुन्छ हे बाबा ! पुण्य बढाउने बढिया स्वप्नाको बिस्तार मैंले कहें अब

तपाईंनी लाई के शोधनाको मनसुबा छ, शोधनू हवस् म विन्ती गर्छु ॥७६ ॥

इति श्री ब्रह्मवैवर्ते महापुराणे

स्वप्ना-भाषा-दर्शनम् ।

* नन्द उवाच *

श्रुतं सर्व्वं महाभाग दुःस्वप्नं कथय प्रभो । उवाच तञ्च भगवान् श्रूयतामिति तद्वचः ॥ १ ॥

फेरी नन्दजी विन्ती गर्नु हुन्छ हे महाभाग ! हे कृष्णजी ! हजूरका मुखारविन्द बाट बढिया स्वप्नाका बिस्तार सुनें, अब घटिया स्वप्नाको विस्तार गर्नु हवस् भनि नन्दजीले विन्ती गरेको सुनी श्रीकृष्णचन्द्र आज्ञा गर्नु हुन्छ हे बाबा ! नन्दजी ! सुन्नुहोस् ॥१॥

* श्री भगवानुवाच *

स्वप्ने हसति यो हर्षाद्विवाहं यदि पश्यति । नर्त्तनं गीत मिष्टञ्च विपत्ति-

स्तस्य निश्चितम् ॥ २ ॥

हे नन्दजी ! स्वप्नामा बड़ो हर्ष गरी हांस्तछ अथवा विवाह गरेको देखछ, नाच्दछ–गाऊँदछ आफु हत्रस् आर्को हवस् त्यस्लाई बडो विपत्ति पर्ला ॥ २ ॥

दन्ता यस्य निपीडयन्ते विचरन्तश्च पश्यति। धनहानिर्भवेत् तस्य पीडा चापि शरीरजा ॥३॥

स्वप्नामा जस्को दाँत फुक्लेको अथवा हल्लेको देखदछ त्यस्को धननाश हुंछ, जिऊमा पीडा पनी हुँछ ॥ ३ ॥

अभ्यङ्गितस्तु तैलेन यो गच्छेद्दक्षिणां दिशम्। खरोष्ट्रमाहिषारूढो मृत्युस्तस्य न संशयः ॥४॥

स्वप्नामा जुन पुरुष तेल घसेर गदाहो ऊँट भैंसो मा चढी दक्षिण दिशा तिर जाला त्यस्को मृत्यु हुंछ यसमा संशय छैन ॥

स्वप्ने चूर्णं जपापुष्पमशोकं करवीरकम् । विपत्तिस्तस्य तैलञ्च लवणं यदि पश्यति ॥५॥

स्वप्नामा जस्ले चूर्णभो, जपापुष्प भो, अशोक पुष्प भो करवीर पुष्प भो, तेल भो, नून भो, देखला त्यस्लाई आपत्ति पर्ला ॥ ५ ॥

नग्नां कृष्णां छिन्ननासां शूद्रस्य-विधवां तथा । कपर्दकं तालफलं दृष्ट्वा शोकमवाप्नुयात् ॥६॥

जो स्वप्नामा नाङ्गो स्वास्नी, काली स्वास्नी, नाक काटियेकी स्वास्नी, शूद्र की विधवा, र खप्पर तालफल देख्छ त्यस्लाई शोक पर्दछ ॥ ६ ॥

स्वप्ने दृष्टं ब्राह्मणाञ्च ब्राह्मणीं कोपसंयुताम् । विपत्तिश्च भवेत् तस्य लक्ष्मीर्याति गृहाद् ध्रुवम् ॥७॥

स्वप्नामा रिसायेको ब्राह्मण ब्राह्मणी देख्यो भने त्यसका घरदेखी लक्ष्मी जान्छिन् त्यसलाई अवश्य विपत्ति पर्दछ ॥ ७ ॥

वनपुष्पं रक्तवर्णं पलाशञ्च सुपुष्पितम् । कार्पासं शुक्लवस्त्रञ्च दृष्ट्वा दुःखमवाप्नुयात् ॥ ८ ॥

रातो गुराँस्को फूल, फुलेको पँलास्, रूओ, सपेत् वस्त्र, स्वप्नामा देख्यो भने दुःख पाउँछ ॥ ८ ॥

गायन्तीञ्च हसन्तीञ्च कृष्णांबरधरां स्त्रियम् । दृष्ट्वा कृष्णां च विधवां नरो मृत्युमवाप्नुयात् ॥ ९ ॥

कालो पाशाक लायेकी स्त्री स्वप्ना मा हाँसेको गायेको देख्यो अथवा काली-स्त्री विधवा देख्यो भने मनुष्य मर्छ ॥ ९ ॥

देवता यत्र नृत्यन्ति गायन्ति च हसन्ति च ॥ आस्फोटयन्ति धाव-

न्ति तस्य देशो विनश्यति ॥ १० ॥

स्वप्नामा देवता जहाँ नाचदछन्-गाउँदछन्-हाँस्त छन्-उफ्रन्छन्-दुगुर्दछन् यस्तो देख्यो भने त्यस् को देश नाश हुन्छ ॥ १० ॥

वान्तं मूत्रपुरीषञ्च वीर्यं रौप्यं सुवर्णकम् । प्रत्यक्षमथवा स्वप्ने जीवितं दश मासिकम् ॥ ११ ॥

निद्राले झकायेका बेलामा बान्त, पिशाव, झाडा, वीर्य, चाँदी, सुन, देख्यो अथवा मस्त निद्रामा देख्यो भने त्यो पुरुष १० मैन्हा जिउँदछ ॥ ११ ॥

कृष्णाम्बरधरां नारीं कृष्णमाल्यानुलेपनाम् । उपगूहति यः स्वप्ने तस्य मृत्युर्भविष्यति ॥ १२ ॥

कालो पोशाक लायेकी, कालो माला लायेकी चन्दन लायेकी स्त्रीकन स्वप्नामा जो अँगालो हाल्छ त्यो पुरुष मृत्युनै पाउँछ ॥ १२ ॥

मृतं वत्सञ्च मुण्डञ्च मृगस्य च न-
रस्य वा । यः प्राप्नोत्यस्थिमालां च
विपत्तिस्तस्य निश्चितम् ॥ १३ ॥

स्वप्नामा मृगको बच्चा मरेको, अथवा मनुष्यले मुण्डन गरेको देख्यो भने, हाडको माला पायो भने त्यसको विपत्ति हुन्छ ॥ १३ ॥

अभ्याङ्गितन्तु हविषा क्षीरेण म-
धुनापि वा । तक्रेणापि गुडेनैव पीडा
तस्य विनिश्चितम् ॥ १४ ॥

स्वप्नामा दूद-दही- घ्यू-मह- सखरले मर्दन गरे को देखियो भने अवश्य त्यसलाई पीड़ा होला ॥ १४ ॥

रथं खरोष्ट्रसंयुक्तमेकाकी योऽ
धिरोहति। तत्रस्थोऽपि च जागर्ति
मृत्युरेव न संशयः ॥ १५ ॥

स्वप्नामा ऊँट-गदहा जोतियेका रथमा एक्लै जो चढ्दछ

तेसमा बसेर ब्युँभयो भन त्यो सर्वथा न मरी रहँदैन ॥ १५ ॥

रक्ताम्बरधरां नारीं रक्तमाल्यानुलेपनाम् । उपगूहति यः स्वप्ने व्याधिस्तस्य विनिश्चितम् ॥ १६ ॥

जस्ले स्वप्नामा रातो पोशाक रातो चन्दन लायेकी स्वास्नीलाई अङ्गालो हाल्ला अवश्य तेस्लाई रोग लागला ॥१६॥

पतितं नखकेशञ्च निर्व्वाणाङ्गारमेवच । भस्मपूर्णां चितां दृष्ट्वा लभते मृत्युमेवचे ॥ १७ ॥

जस्ले स्वप्नामा भैंसा खसेको नङ् रौं देख्ला आगो न भयेको अँगार देख्ला खरानीले भरीपूर्ण भयेको मशान देख्ला, त्यो मनुष्य अवश्य मृत्यु कन पाउँला ॥ १७ ॥

श्मशानतृणकाष्ठञ्च तृणानि लौहमेवच । मसीञ्च किञ्चित् कृष्णां वा दृष्ट्वा दुःखं लभेद्ध्रुवम् ॥ १८ ॥

स्वप्नामा श्मशानका झार्-काट अन्य तृण फलाम् केही कालोमसी देख्यो भने दुःख पाउँछ ॥ १८ ॥

पादुका फलकं रक्तं पुष्पमाल्यं भयानकम् । माषं मसुर मुद्गं वा दृष्ट्वा सद्योव्रणं भवेत् ॥ १९ ॥

जस्ले स्वप्नामा खराऊ फल्याक् भयङ्कर रक्त पुष्प को माला मासमुसुरोस्मुगी देखलो तेस्लाई घाऊ लाग्ला ॥ ॥ १९ ॥

कङ्कञ्च शकुनं काकं भल्लूकं वानरं गरम् । पूयं गात्रमलं स्वप्ने केवलं व्याधि कारणम् ॥ २० ॥

स्वप्नामा कंक पक्षी, काग, भालु, बानर, अजिंगर शरीर घुन ई सब केवल रोग गर्दछन् ॥ २० ॥

भग्न भाण्डं च्रतं शूद्रं गलत्कुष्ठञ्च रोगिणम् । रक्ताम्बरञ्च जटिलं शू-

करं माहिषं खरम् ॥ २१ ॥

स्वप्नामा फुटेको भाँडा, घाऊ लागेको शूद्र, कुष्ट रोगी, लाल वस्त्र लगायेको जटाधारी, बंदेल, भैंसी गदहा ॥ २१ ॥

अन्धकारं महाघोरं मृतजीवं भयङ्करम् । दृष्ट्वा स्वप्ने योनिलिङ्ग विपत्तिं लभतेऽधुवम् ॥ २२ ॥

महाघोर अँध्यारो भो,साहै डर लाग्दो मुर्दाउठी आयो, अथवा स्वप्नामा लिंग भो योनि भो देख्यो भने अवश्य दुःख पाऊँछ ॥ २२ ॥

कुवेशरूपं म्लेच्छञ्च यमदूतं भयङ्करम् । पाशहस्तं पाश शस्त्रं दृष्ट्वा मृत्युं लभेन्नरः ॥ २३ ॥

भयानक न राम्रो भेष भयेको मुसलमान देखियो अथवा यमराज को दूत देखियो, फेरी कस्तो भने हातमा पाश लिये को अथवा हथियार लिये को देखियो भने त्यो मनुष्य अवश्य मर्दछ ॥ २३ ॥

ब्राह्मणो ब्राह्मणी बाला बालको वा सुतः सुता । विदा यं कुरुतेकोपाद् दृष्ट्वा दुःखमवाप्नुयात् ॥२४॥

स्वप्नामा रिसाये र ब्राह्मणले, ब्राह्मणीले, कुमारीले, आफ्ना छोरा छोरीले विदा गरी निकाले भने त्यस मनुष्य ले अवश्य दुःख पाऊँछ ॥२४॥

कृष्णपुष्पञ्च तन्माल्यं सैन्यंशस्त्रास्त्रधारिणाम् ॥ म्लेच्छञ्च विकृताकारं दृष्ट्वा मृत्युं लभेद्ध्रुवम्२५

स्वप्नामा कालो फूल, निजको मालाहातमा हतियार डोरी ली आयेको डर लाग्दो मुसलमान देखिये त्यो मनुष्य अवश्य मर्दछ ॥२५॥

वाद्यञ्च नर्त्तनं गीतं गायनं रक्तवाससम् । मृदङ्ग वाद्यमानन्दं दृष्ट्वा दुःखं लभेद्ध्रुवम् ॥ २६ ॥

बाजा बजायेको, नाचेको, गाये को, राता पोशाक

लायेको, मृदंग बजायेको देखियो भने दुःख पाऊन्छ ॥ २६ ॥

प्राणात्यक्तं मृतं दृष्ट्वा मृत्युञ्च लभतेऽध्रुवम् । मत्स्यादि धारये द्यो-हि तद् भ्रातुर्मरणं ध्रुवम् ॥ २७ ॥

स्वप्नामा प्राण छोडेको मुर्दा देख्यो भने अथवा मत्स्यादि धारण गर्‍यो भने त्यसका भाईको मरण हुन्छ ॥ २७ ॥

छिन्नं वापि कबन्धं वा विकृतं मुक्त केशिनम्॥ क्षिप्रनृत्यञ्चकुर्व्वन्तं दृष्ट-वा मृत्यु लभेन्नरः ॥ २८ ॥

स्वप्नामा छेदन भो, कबन्ध भो, विक्रित आकार भयेको अघिल् तिर आयी वेग संग नाच्न लाग्यो भने त्यो देखने अवश्य मृत्युपाऊन्छ ॥ २८ ॥

मृतो वाप्यमृतोवापि कृष्णो म्ले-च्छो भयानकः । अवगूहतियं स्वप्ने तस्य मृत्युर्विनिश्चितम् ॥ २९ ॥

स्वप्नामा मरेको होस् वा जिऊँदो होस् वा डर लाग्दो मुसल्मानले जस्लाई अँगालो हाल्दछ त्यस्को अवश्य मृत्यु हुन्छ ॥ २९ ॥

यस्य दन्ताश्च भग्नाश्च केशाश्चापि पतन्ति च। धनहानिर्भवेत् तस्य पीडा वा स्याच्छरीरजा ॥ ३० ॥

स्वप्नामा कसैको दाँत फुक्ल्यो, रौं झर्‍यो भने त्यस्को धनहानि र शरीरमा पीड़ा समेत हुन्छ ॥ ३० ॥

उपद्रवन्ति यं स्वप्ने शृङ्गिणो दंष्ट्रिणोऽपि वा। बालका मानवाश्चैव तस्य राजकुलाद्भयम् ॥ ३१ ॥

स्वप्नामा दाह्रा हुने बँदेल्, सिङ् हुने भैंसी, मनुष्यका बालकहरू जस्कन उपद्रव गर्दछन् त्यस्लाई राजाको डर हुन्छ भनी जान्नु ॥ ३१ ॥

छिन्न वृत्तं पतन्तश्च शिलावृष्टिं

तुषं क्षुरम् । रक्ताङ्गारं भस्मवृष्टिं दृष्ट्वा दुःखमवाप्नुयात् ॥ ३२ ॥

स्वप्नामा रूख काटेको, ढलेको, पत्थरको वृष्टि, भूस-क्षुरा-रगत् अँगार-खरानीको वृष्टि देख्यो भने दुःख पाउँछ॥ ३२॥

रथं गेहं वृक्षशैलं गो हस्ति तुरगाम्बरात् । भुमौ पतति यः स्वप्ने विपत्तिः तस्य निश्चितम् ॥ ३३ ॥

स्वप्नामा आफना अगाडी रथ–घर–रूख–पर्वत -हात्ती घोड़ावाट भैंसा गिरेको देख्यो भने त्यसलाई वड़ो आपत्ति परी आउला ॥ ३३ ॥

उच्चैः पतन्ति गर्त्तेषु भस्माङ्गारचयेषुच । क्षारकुण्डेषु चूर्णेषु मृत्युस्तेषां न संशयः ॥ ३४ ॥

जुन् मनुष्यहरू स्वप्नामा साहै अग्लावाट खाडलमा फाल हाल्दछन् अथवा खरानी अंगारका थुप्रामा

अथवा नून-पानीका खाडलमा अथवा चूर्णमा फालहालद्छन तिन्को अवश्य मृत्यु हुन्छ ॥ ३४ ॥

बलाद् गृह्णाति दुष्टश्च छत्रञ्च यस्य मस्तकात् । पितुर्नाशो भवेत् तस्य गुरोर्वापि नृपस्य च ॥ ३५ ॥

स्वप्नामा जस्का शिरको छाता कुनै मनुष्यले बलैले खोसी लग्यो भने तेस्को बाबुको नाश अथवा गुरुको नाश अथवा राजाको नाश हुन्छ ॥ ३५ ॥

सुरभी यस्य गेहाच्च याति त्रस्ता सवत्सिका । प्रयाति पापिनस्तस्य लक्ष्मीरापि वसुन्धरा ॥ ३६ ॥

स्वप्नामा बाच्छाले सहित भयेकी गाई करायेर जस्का घरदेखि जान्छिन् त्यस्को लक्ष्मी पनी पृथिवी पनी जान्छ ॥ ३६ ॥

पाशेन कृत्वा बद्धश्च यं गृहीत्वा प्रयांति च । यमदूताश्च वाम्लेच्छा-

स्तस्य मृत्युर्विनिश्चितम् ॥ ३७ ॥

यमदूत भए, मुसलमान् हरू भए, स्वप्नामा जस्कन पाश अर्थात् डोरीले बाँधी धिस्यायी लैजालान् त्यस्को मृत्यु अवश्य हुन्छ ॥ ३७ ॥

गणको ब्राह्मणो वापि ब्राह्मणी वा गुरुस्तथा । परिरुष्टः शपाति यं विपत्तिस्तस्य निश्चितम् ॥ ३८ ॥

ज्योतिषी ब्राह्मण-बाम्हणी गुरु इनिहरू रिसायेर जस्लाई स्वप्ना मा शराप दिन्छन् त्यो निश्चय आपत्ति पाऊँछ ॥ ३८ ॥

विरोधितश्च काकाश्वकुक्कुटा भल्लुकास्तथा । पतन्त्यागत्य यद्गात्रे तस्य मृत्युर्न संशयः ॥ ३९ ॥

स्वप्नामा शत्रु भा, कुकुर भा, काग भो, भालु भो, बेग, संग जस्का अगाडीमा आई लागि टेक्छ तेस् को मृत्यु हुन्छ ॥ ३९ ॥

माहिषा भल्लुका उष्ट्राः शूकरा गर्दभास्तथा । रुष्टा धावन्ति यं स्वप्ने स रोगी निश्चितं भवेत् ॥ ४० ॥

स्वप्नामा भैंसी भो, भालू भो, ऊँट भो, सुँगूर भो, गदहा भो, ई रिसायेर जस्का पछी दगुर्छन त्यो मनुष्य रोगी हुन्छ ॥ ४० ॥

रक्तचन्दन काष्ठानि घृताक्तानि च यो जुहेत । गायत्र्या च सहस्रेण तेन शान्तिर्विधीयते ॥ ४१ ॥

यस्तो घटिया स्वप्ना देखेमा यस्ता शान्ति गर्नु रक्तचन्दनको काठ घ्यूमा मुछी गायत्रिले हजार चोटि होम गर्नु र त्यस्ले शान्ति हुन्छ ॥ ४१ ॥

सहस्रधाजपेद्योऽहि भक्त्या मां मधुसूदनम् । निष्पापो हि भवेत् सोऽपि दुःस्वप्नः सुस्वप्नो भवेत् ॥४२॥

दोश्रो शान्ति मेरो नाऊँ "मधुसूदन" योहजार पल्ट भक्ति पूर्वक जपोस् त्यो पापदेखि छुटेको छँदो त्यसले देखेको घटिया स्वप्ना पनी बढिया स्वप्ना को फल दिने हुन्छ ॥ ४२ ॥

अच्युतं केशवं विष्णुं हरिं सत्यं जनार्द्दनम् । हंसं नारायणञ्चैव एतन्नामाष्टकं शुभम् ॥ ४३ ॥

अच्युत, केशव, विष्णु, हरि, सत्य, हंस, नारायण, इंस आठ नाम अत्यन्त वढिया छन् ॥ ४३ ॥

शुचिः पूर्वमुखः प्राज्ञो दशकृत्वश्च यो जपेत् । निष्पापो हि भवेत् सोऽपि दुःस्वप्नः सुस्वप्नो भवेत् ॥ ४४ ॥

जस्ले पवित्र भै पूर्वमुख फर्कि, श्राफ्नु नित्य दश कर्म समाप्ति गरी ई नाम जो जप्छ सो पाप रहित भै दुःस्वप्न नाश भै सुस्वप्नको फल पाऊँछ ॥ ४४ ॥

विष्णुं नारायणं कृष्णं माधवं म-

धुसुदनम् । हरिं नरहरिं राम गोवि-
न्द दधिवामनम् ॥ ४५ ॥

ई १० नाम ॥ ४५ ॥

शुचिः पूर्वमुखो भूत्वाभक्तिश्रद्धा-
युतो जपेत् । निष्पापो हि भवेत सोऽ-
पिदुःस्वप्नः सुस्वप्नो भवेत् ॥ ४६ ॥

इनै दशनाम पवित्र भै पूर्वतिर मुख फर्कायी भक्ति—श्रद्धायुक्त भै जप्गर्छ भने त्यो पापले रहित भये को छन्दो घटिया स्वप्ना देख्यो भने पनी बढिया स्वप्ना को फल पाऊंछ ॥ ४६ ॥

भक्त्या चैतानि भद्राणि दशना-
मानि यो जपेत् । शतकृत्वो भक्तियु-
क्तो जप्त्वाऽरोगश्चरोगतः ॥ ४७ ॥

इनै कल्याण दायक मेरा १० नाम भक्ति पूर्वक जो १०० पल्ट जप्ला, त्यस्का शरीरदेखि रोग निस्की जान्छ ॥ ४७ ॥

लक्षधा हि जपेद्यो हि बन्धनान्मुच्यतेध्रुवम् । जप्त्वा च दशलक्षश्च महावन्ध्या प्रसूयते । हविष्याशी यतः शुद्धो दरिद्रो धनवान् भवेत ।४८।

ई नाम लाख जप्यो भने बन्धनदेखि छुट्दछ्, बाँझी स्वास्नीले दशलाख जपि भने महाँ बाँझी पनी सन्तानवति हुन्छे, शुद्ध भै हविष्य खायी इनै १० नाम दश लाख आवर्ति जप्यो भने मानिस् धनवान हुन्छ ॥ ४८ ॥

शतलक्षश्च जप्त्वा च जीवन्मुक्तो भवेन्नरः । शुद्धो नारायणक्षेत्रं सर्वसिद्धिं लभेन्नरः ॥ ४९ ॥

सय लाख जप्यो भने त्यो मनुष्य जीवन्मुक्त हुन्छ सम्पूर्ण सिद्धि पायी निर्मल भयेको छन्दो नारायण क्षेत्र पाऊंछ ॥ ४९ ॥

शिवं दुर्गां गणपतिं कार्तिकेयं ग-

येश्वरम्। धर्म्मं गंगाञ्च तुलसीं राधां लक्ष्मीं सरस्वतीम् ॥ ५० ॥

शिव, दुर्गा, कार्तिकस्वामी, गणेश, धर्म, गंगा, राधा, लक्ष्मी, सरस्वती ॥ ५० ॥

नामान्येतानि भद्राणि जले स्नात्वा चयोजपेत्। वाञ्छितञ्च लभेत् सोपि दुःस्वप्नः सुस्वप्नो भवेत ५१

दश नाम जलमा स्नान गरी जो जप्छ सो चितायेको फल पाउँछ दुस्वप्न पनी सुस्वप्नको फल दिने हुन्छ ॥ ५१ ॥

ॐ ह्रीं श्रीं क्रं पूर्व दुर्गति नाशिन्यै महामायायै स्वाहा। कल्प वृक्षोति लोकानां मन्त्रः सप्तदशाक्षरः।५२।

"ओं ह्रीं श्री क्रं पूर्व दुर्गति नाशिन्यै महामायायै स्वाहा", यो मंत्र लोकको कल्प बृक्ष समान छ ॥ ५२ ॥

शुचिश्च दशधा जप्त्वा दुःस्वप्नः सुस्वप्नो भवेत् ॥५३॥

पवित्र भै दश पल्ट जप्यो भने घटिया स्वप्न पनी बढिया स्वप्नाको फल दिने हुन्छ ॥ ५३ ॥

शतलक्ष जपेनैव मंत्रसिद्धिर्भवे न्नृणाम् ॥ सिद्धमन्त्रश्च लभते सर्व्वं सिद्धिश्च वाञ्छितम् ॥ ५४ ॥

सयेलाख जप्यो भने मनुष्यको मन्त्र सिद्ध हुन्छ सिद्ध मन्त्र जो छ वाञ्छित सबै सिद्धि दिन्छ ॥ ५४ ॥

नमो मृत्युञ्जयायेतिस्वाहान्ते ल क्षधा जपेत् । दृष्ट्वा च मरणं स्वप्ने शतायुश्च भवेन्नरः ॥५५॥

"नमो मृत्युञ्जयायस्वाहा" यो दश अक्षरको मंत्र एक लाख जपोस् त आफू स्वप्नामा मरेको देखे त्यो मनुष्य शतायु हुन्छ ॥ ५५ ॥

पूर्वोत्तरमुखो भूत्वा स्वप्नं प्राज्ञे प्रकाशयेत् ॥ ५६ ॥

अब घटिया-बढिया स्वप्ना कहने रीति आज्ञा हुन्छ । बढिया स्वप्ना देख्यो भने जागो भै पवित्र भै शुद्ध आसनमा पूर्वतिर अथवा उत्तरतिर मुख फर्कि पढेका विद्वान लाई कहनू ॥ ५६ ॥

काश्यपे दुर्गते नीचे देवब्राह्मण-निन्दके । मूर्खे चैवानभिज्ञे च न च स्वप्नं प्रकाशयेत् ॥ ५७ ॥

काश्यप-गोत्र वाला, नीच कर्म गर्ने लाई नीच जाति लाई न भन्नु, मूर्ख भो न पढे को भो यस्तो लाई पनी न भन्नु, देव-ब्राह्मण को निन्दा गर्ने लाई पनी न भन्नू ॥५७॥

अश्वत्थे गणके विप्रे पितृदेवासनेषु च । आर्ये च वैष्णवे मित्रे दिवा स्वप्नं प्रकाशयेत् ॥ ५८ ॥

बरू यस्ता विद्वान न पाये पीपल अथवा जोतिषी ब्राह्मण पितृस्थान देवालयमा गै स्वप्ना कहनु कि त आफ्ना मान्ने मानिस कि त वैष्णवहरु कि त आफ्ना हित-मित्र इनीसंग कहनु रातीमा न कहनु ॥ ५८ ॥

इति ते पुण्यमाख्यानं कथितं पापनाशनम् । धन्यं यशस्य मायुष्यं किं भूयः श्रोतुमिच्छसि ॥ ५९ ॥

भगवान कृष्णजी पिता नन्दप्रति आज्ञा गर्नु हुन्छ,—“हे बाबा ! यो तपाईंकन मैले पुण्यको बिस्तार भयेको प्रस्ताव कहें, कस्तो भने ? सकल पापको नाश गर्ने, धनकन बढाउने, आयुर्दा लाई बढाउने, सबै बिन्ती गरी सकें, अब तपाईं लाई के सोधनाको मनसुबा छ ? म बिस्तार गर्छु ।” भनी आज्ञागर्नु भयो ॥ ५९ ॥

इति ब्रह्मवैवर्ते दुःस्वप्न-दर्शन-भाषा समाप्ता ।

इति श्रीब्रह्मवैवर्त्ते महापुराणे श्रीकृष्णजन्मखंडेनारायणसम्बादे भगवन्नन्दसंवादे दुःस्वप्न-कथनं नाम द्व्याशीतितमोऽध्यायः ॥ ८२ ॥

ज्योतिष का पुस्तक

जोतिस्सार सम्पूर्ण जोति हेर्नू हवस	१॥)
मूहूर्तचिंतामणि भा० टी०	१॥)
बृहज्जातक भाषा टीका	२)
शीघ्रबोध	।॥)
हनुमान जोतिष	।)
रामजोतिष	।)
नक्षत्रमाला जोतिष	।)
कर्मविपाक आफ्नू ३ जन्म को हाल जानिन्छ	२)
शकुनौती तस्वीरदार ठुलो प्रश्न चिन्तामणि	
शिवस्वरोदय भाषा टीका ठुलो अक्षर को	१
स्वप्नाध्याय सपनाको फल	≡),
सामुद्रिक हाथ का रेखाको फल	।-)
बेलेपात्रो जैसीको कामछैन	॥=)
सिद्ध प्रश्नावलि	।)
भाग्य विचार	≠)

गणित का पुस्तक ।

लीलावती संस्कृत श्लोक तेस्को अर्थ जोतिष पंडित रंगनाथ कृत भाषाको अपूर्व च गुरु खोजनु पर्दैन आफै पढनु होस छापिंदै छ १ के	२।)
अंकेंदुशेखर गणित को खजाना जोर्नु फोर्नु घटाउनु त्रैरासिक पञ्चरासिक इत्यादि सब गणित नेपाली श्लोक बद्ध तेस्को उदाहरण भाषामा साफ साफ खोलेको छ	॥)
गणित चन्द्रिका पैल्हा भाग	।)
गणित चण्द्रिका दोश्रा भाग	।)
टेबुलबुक कुल्लीको हिसाब	॥)

पुस्तक पाइने ठेकाना—

सर्वहितैषी कंपनी,
रामघाट, बनारस सिटी ।

शिवप्रसाद राघोराम,
गोर्खा पुस्तकालय,
रामघाट, काशी ।

मुद्रक-महादेवप्रसाद, कल्याण प्रेस, बागसुन्दरदास, बनारस सिटी ।

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Acc. No

Class No ... ... Book No .. ..

Author ...

Title ...

Due on	Borrower's Name	Returned on

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय